# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर

१ नं प्रदेश नेपाल

प.सं / Ref.No.: २०७९/०८०

च.नं / Dispatch No.: ४३३

मितिः-२०७९/१०/२२

**वहुक्षेत्रीय पोषण संवन्धि आयमुलक कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७९/१०/२२**

प्रस्तुत विषयमा महिला,वालबालिका र किशोरीहरूमा विधमान रहेको कुपोषणलाई दिगो विकासको लक्ष अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न र यसका कारकतत्वहरुलाई बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका सुनौलो हजार दिनका आमा,वालबालिका तथा किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन विपन्न महिला सहकारी वा समूहलाई आयआर्जनका लागि अनुदान प्रदान गर्ने उद्धेश्य अनुरुप **"महिला सहकारी वा समूहगा बहुक्षेत्रीय पोषण सम्बन्धि आयमूलक कार्यक्रम संचालन कार्यविधि २०७७"** बमोजिम आयमूलक कार्यक्रम संचालन गर्न ईच्छुक गाउँपालिका भित्रका महिला सहकारी वा समूहहरुले अनुदानका लागि आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस कार्यालय अन्तर्गत पोषण शाखामा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तहमा कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ ।

२. सहकारी वा समूहका सदस्यहरुमध्ये सुनौलो १००० दिनका आमाहरुलाई पहिलो प्राथमिकता दिई २५ जनाले अनुदान पाउनेछ ।

३. अनुदान प्राप्त सहकारी समूहले सामूहिक वा व्यक्तिगत रुपमा अनिवार्य रुपमा व्यवसाय संचालन गर्नुपर्नेछ ।

४. कार्यविधिले तोकेको ढाँचाअनुसार व्यावसायिक योजना र प्रस्तावना पेश गर्नुपर्नेछ ।

५. प्रस्तावना तयार गर्दा रु. ६,२५,०००|-(अक्षरुपी छ लाख पच्चीस हजार मात्र) को प्रस्ताव तयार गर्नुपर्नेछ ।

.........................................

भक्त बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत